भूमे गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

खाबाङबगर, रुकुम (पूर्व)
लुम्बिनी प्रदेश, नेपाल

भूमे गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय खाबाङबगर, रुकुम (पूर्व) लुम्बिनी प्रदेश, नेपाल २०७३

आर्थिक वर्ष : २०७९।८०
सूचना नं. : ८३

**राष्ट्रिय परिचयपत्र विवरण दर्ता अभियान सञ्चालन सम्बन्धि भूमे गाउँपालिकाको सूचना !**

**(सूचना प्रकाशित मिति : २०७९/ ११/०२ गते)**

सबै खाले ~~सरकारी~~ सेवा प्राप्तिका लागि राष्ट्रिय परिचयपत्र अनिवार्य हुने भएकोले यही मिति २०७९ साल फागुन ५ गतेदेखि भूमे गाउँपालिकाका ९ वटै वडाहरुमा राष्ट्रिय परिचयपत्र सम्बन्धी विवरण संकलन गर्न घुम्ती विवरण दर्ता टोली सहितको राष्ट्रिय परिचय-पत्र विवरण दर्ता अभियान संचालन हुन गइरहेकोले नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त सबै व्यक्तिहरुले अनिवार्य रुपमा आफ्नो वडा कार्यालय वा तोकिएको स्थानमा आफैं उपस्थित भई विवरण दर्ता गराउनहुन अनुरोध गरिन्छ।

**विवरण दर्ताका लागि आवश्यक कगजातहरु :**

१. नेपाली नागरिकताको सक्कल प्रमाणपत्र ।
२. नागरिकताको प्रमाणपत्रमा जन्म मिति नखुलेकाको हकमा सो खुल्ने प्रमाण ।
३. नागरिकताको प्रमाणपत्रमा उल्लेख भएको ठेगाना-भन्दा फरक ठेगाना भएमा त्यस्तो ठेगाना प्रमाणित गर्ने बसाइ-सराई वा बसोबास प्रमाणित भएको कागज ।
४. नागरिकताको प्रमाण पत्रमा पती-पत्नीको नाम नखुलेमा विवाह दर्ता प्रमाणपत्र वा विवाह प्रमाणित भएको कागज वा नाता प्रमाणित वा पति पत्नी भएको प्रमाणित हुने अन्य कागजात ।
५. नागरिकताको प्रमाणपत्रमा अङ्ग्रेजीमा नाम नखुलेको भए सम्भव भएसम्म अंग्रेजीमा नाम खुल्ने कागजात ।
६. विवरण पुष्टि गर्ने अन्य कागजातहरु ।

२०७९/११/०२
..................
(चन्द्रसिंह श्रेष्ठ)
प्रमुख प्रशासकीय अधिकृत

खाबाङबगर, रुकुम (पूर्व), लुम्बिनी प्रदेश, नेपाल | सम्पर्क फोन नं. +९७७-९७६२५२७११०, ९८०१३३२३८३
इमेल: info@bhumemun.gov.np, bhumemun@gmail.com, वेबसाइटः www.bhumemun.gov.np